# विशिष्टीकरण तालिका

**विषयः सामाजिक अध्ययन** **समयः ३ घण्टा**

**कक्षा : १०** **पूर्णाङ्क : ७५**

| एकाइ | कार्य घण्टा | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | एकाइगत अङ्क विभाजन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान र बोध | पयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | पयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | |
| १. हामी र हाम्रो समाज | ८ | १ (१) | | | | | १ (४) | | | | ५ |
| २.विकासका पूर्वाधार | १० | | | १(१) | १(४) | | | | | | ५ |
| ३.हाम्रो परम्परा एवम् सामाजिक मूल्य र मान्यता | १४ | | | | | १ (४) | १ (४) | | | | ८ |
| ४. सामाजिक समस्या र समाधान | १२ | १ (१) | १(१) | | | | १(४) | | | | ६ |
| ५.नागरिक चेतना | १८ | | | | १ (४) | | | | | १ (७) | ११ |
| ६. हाम्रो पृथ्वी | १८ | | | | १ (४) | | | | १(७) | | ११ |
| ७. हाम्रो विगत | १४ | १(१) | | १(१) | | | | १(७) | | | ९ |
| ८. हाम्रा आर्थिक क्रियाकलाप | १५ | १(१) | १(१) | | | | | | १(७) | | ९ |
| ९. हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग | ११ | १(१) | | १(१) | | १(४) | | | | | ६ |
| १०. जनसङ्ख्या र यसको व्यवस्थापन | ८ | | १(१) | | १(४) | | | | | | ५ |
| जम्मा | १२८ | ५ | ३ | ३ | ४ | २ | ३ | १ | २ | १ | ७५ |

CURRICULUM DEVELOPMENT CENTRE

| प्रश्नका किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्क भार |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ४ | ४ X ७= २८ |
| छोटो उत्तर आउने प्रश्न | ९ | ९ X ४ = ३६ |
| अति छोटो उत्तर आउने प्रश्न | ११ | ११ X १ = ११ |
| जम्मा | २४ | ७५ |

द्रष्टव्यः ज्ञान र बोध क्षेत्रबाट प्रश्न सोध्दा ज्ञान र बोधको सन्तुलन मिलाउनु पर्ने छ ।

उच्च दक्षतामा विश्लेषण, समालोचनात्मक चिन्तन, मूल्य र अभिवृत्तिसँग सम्बन्धित प्रश्नहरू सोध्न सकिने छ

ज्ञान बोधबाट ३७ प्रतिशत, प्रयोग र सिर्जनशीलताबाट ३३ प्रतिशत र उच्च दक्षताबाट ३० प्रतिशत अङ्कभार रहने छन्

हाम्रो पृथ्वी एकाइबाट सोधिने लामो उत्तर आउने प्रश्नमा वैकल्पिक प्रश्न सोधिने जसमा नेपालको नक्सा वा महादेशको नक्सा बनाएर भर्नुपर्ने छ ।

हाम्रा आर्थिक क्रियाकलापबाट सोधिने लामो उत्तर आउने प्रश्न सिर्जनात्मक सिपसँग सम्बन्धित हुने छ ।

**कक्षा १०** **पूर्णाङ्क : ७५**

**विषयः सामाजिक अध्ययन** **समयः ३ घण्टा**

## समूह (क)

**अति छोटो उत्तर आउने प्रश्नहरू** **११ X १=११**

१. हाम्रो राष्ट्रिय गौरवको कुनै एक महत्त्व लेख्नुहोस् ।

२. विकासका पूर्वाधारलाई दिगो र टिकाउ बनाउन के गर्नुपर्छ ? कुनै एक बुँदामा स्पष्ट पार्नुहोस् ।

३. घरेलु हिंसाको कुनै एक पारिवारिक असर लेख्नुहोस् ।

४. अन्धविश्वास हटाउन उपयुक्त हुने एक सन्देशमूलक प्लेकार्ड तयार पार्नुहोस् ।

५. वि.सं २००७ मा भएको दिल्ली सम्झौता कुन कुन पक्षका बिचमा भएको थियो ?

६. पिस्कर हत्याकाण्ड पछि नेपालको राजनीतिमा तत्कालिन असर के परेको थियो ?

७. कर छली गर्नु गैरकानुनी कार्य हो । यस सम्बन्धमा आफ्नो विचार एक वाक्यमा प्रस्तुत गर्नुहोस् ।

८. वैदेशिक रोजगारीमा गएर फर्केका आफ्ना नातेदारलाई उहाँले विदेशमा सिकेर आएका ज्ञान र सिपलाई आफ्नै ठाउँमा उपयोग गर्न के सल्लाह दिनुहुन्छ ? तपाईंले दिने कुनै एक सल्लाह उल्लेख गर्नुहोस् ।

९. अन्तर्राष्ट्रिय न्यायालयको प्रमुख कार्य लेख्नुहोस् ।

CURRICULUM DEVELOPMENT CENTRE

१०. स्थानीयकरणले मौलिक पहिचान जोगाइराख्न कसरी मदत गर्छ ? आफ्नो तर्कसहित एक वाक्यमा पुष्टि गर्नुहोस् ।

११. गुणस्तरीय जीवन प्राप्त गर्न तपाईंको परिवारले गरेको कुनै एक व्यावहारिक अभ्यास उल्लेख गर्नुहोस् ।

## समूह (ख)

### छोटो उत्तर आउने प्रश्नहरू ९ X ४=३६

१२. नेपालको जातीय, भाषिक र सांस्कृतिक विविधता अभिशाप नभई अवसर हो, यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

१३. नेपालमा संङ्घीयताले ल्याएका सकारात्मक परिवर्तन उल्लेख गर्नुहोस् ।

१४. कुनै एक राष्ट्रिय दिवसलाई भव्य र सभ्य रूपमा मनाउनका लागि तपाईंका विद्यालयमा गरिने कार्यक्रमको योजनाको छोटो रूपरेखा तयार पार्नुहोस् ।

१५) तपाईंले अन्तर्राष्ट्रिय व्यक्तित्वको योगदानबाट प्राप्त गर्नुभएको प्रेरणालाई आफ्नो जीवनमा कसरी उपयोग गर्नुभएको छ ?

**अथवा**

हाम्रा लोक गीत, लोकबाजा र लोकनृत्यलाई लोप हुन नदिन स्थानीय समुदायलाई बढी जिम्मेवार बनाउनुपर्दछ भन्ने सन्दर्भलाई आफ्नो तर्कद्वारा पुष्टि गर्नुहोस् ।

१६. सामाजिक समस्या समाधानका लागि सरकार, विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सङ्घसंस्थाको क्रियाशिलता रहँदै आए पनि सामाजिक समस्याको प्रभावकारी निराकरण हुन नसक्नुमा कुन कुन पक्ष बढी जिम्मेवार ठान्नुहुन्छ र किन ?

१७. न्यायपालिकाका प्रमुख कार्यहरू उल्लेख गर्नुहोस् ।

१८. समशितोष्ण मरुस्थलीय हावापानी र समशितोष्ण तृणभूमिको हावापानीबिच कुनै चारओटा भिन्नता उल्लेख गर्नुहोस् ।

१९. विश्व जलवायु सङ्गठनले नेपालको मौसम र जलवायुका क्षेत्रमा कस्ता कार्यहरूमा सहयोग पुऱ्याउन सक्छ । आफ्ना सुझाव प्रस्तुत गर्नुहोस् ।

२०. स्वस्थ जीवनशैली कायम राख्ने उपायको सूची तयार पानूहोस् ।

## समूह (ग)

### लामो उत्तर आउने प्रश्नहरू ४ X७ =२८

२१. एउटा सचेत र जिम्मेवार उपभोक्ताका रूपमा तपाईंले निर्वाह गर्दै आएको भूमिकाको समीक्षा गर्नुहोस् ।

२२) पृष्ठ भरीने गरी नेपालको नक्शा निर्माण गरी निम्न तथ्यहरुलाई संकेतमा देखाउनुहोस् ।

अपि हिमाल, दामोदर कुण्ड, कटारी, चितवन राष्ट्रिय निकुञ्ज

**अथवा**

दक्षिण अमेरिकाको नक्सा निर्माण गरी निम्न तथ्यहरूलाई उपयुक्त सङ्केतमा देखाउनुहोस् ।

CURRICULUM DEVELOPMENT CENTRE

एन्डिज पर्वतमाला, आटाकामा मरुभूमि, पम्पास घाँसे मैदान, टिटिकाका ताल

२३. प्रथम विश्वयुद्धको तत्कालीन कारणहरू उल्लेख गर्नुहोस् । यस युद्धको परिणाम स्वरूप अधिनायकवादको उदय हुन गयो, कसरी ? आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

२४. जीवन बिमा र यसको महत्त्व दर्शाउँदै विदेश रहेका दाजुलाई एउटा चिठी लेख्नुहोस् ।

CURRICULUM DEVELOPMENT CENTRE